राष्ट्रिय दैनिक

# प्रतिदिन

PRATIDIN NATIONAL DAILY



**धुम्रपान नगरौं, स्वस्थ्य जीवन बाँचौं**

- धुम्रपानले मुटु, दम, श्वासप्रश्वास, क्यान्सरलगायतका दीर्घकालिन रोग लाग्न सक्छ।
- आफू, परिवार तथा समाजका अन्य व्यक्तिलाई धुम्रपानको कुलतमा फस्न नदिऔं।
- कुलतमा रहेकाले धुम्रपान त्याग्ने प्रण गरौं।
- धुम्रपान गर्नेहरुको संगतबाट टाढा रहौं।
- धुम्रपानले तपाई र परिवार सबैलाई असर पुऱ्याउँछ।

त्यसैले,
धुम्रपान नगरौं स्वस्थ्य जीवन बाँचौं।

नेपाल सरकार
विज्ञापन बोर्ड



वर्ष-१४ ।। अङ्क : २३० ।। २०७९ असोज १६ गते आईतबार (2nd Oct 2022 Sunday) **Pratidin** National Daily dNo-?÷%÷-


# झापामा एमाले र राप्रपाबीच तालमेल सहमति नजिक

झापा(प्रस)। आगामी मंसिर ४ को निर्वाचनका लागि झापामा नेकपा एमाले र राष्ट्रिय प्रजातन्त्र पार्टीबीच चुनाबी तालमेल सहमति नजिक पुगेको छ । राप्रपाले एमालेसंग प्रतिनिधिसभा निर्वाचनतर्फ एउटा सिट र प्रदेशसभा निर्वाचनतर्फ दुईवटा सिट एमालेसंग प्रस्ताव गरेको थियो ।त्यसमा झापा क्षेत्र नं ३ राप्रपालाई दिने सहमति भइसकेको छ । जुन क्षेत्रबाट राप्रपा अध्यक्ष राजेन्द्र लिङ्देन उम्मेदवारको रुपमा उठ् दैछन् । उनले अघिल्लो आम निर्वाचनमा सोही क्षेत्रबाट एमाले र माओवादीसंग चुनावी तालमेल गरेर निर्वाचन जितेका थिए । प्रदेशसभातर्फ राप्रपाले झापा क्षेत्र नं २ 'क' सहित दुईवटा सिट मागेकोमा एमालेले झापा क्षेत्र नं २ 'क' दिन नसक्ने अडान राखेको छ । राप्रपाले झापा क्षेत्र नं २ 'क' मा भक्ति सिटौलालाई उठाउने गरी मागेकोमा एमालेले अस्वीकार गरेको एमालेका एकजना नेताले बताए । उनले राप्रपाले प्रदेशसभातर्फ दुईवटा सिट मागेकोमा एउटा दिनेगरी सहमतिको प्रयास भइरहेको जानकारी दिए । झापा क्षेत्र नं २ 'क' एमालेले आफै राखेर झापा क्षेत्र नं ४ 'ख' राप्रपालाई दिने विषयमा पार्टीमा छलफल चलिरहेको उनको भनाई छ । एमालेले झापा क्षेत्र नं २ 'क ' मा एकराज कार्की र २ 'ख' मा

चिन्तन पाठकलाई उठाउने तयारी गरेको बुझिएको छ । राप्रपाले प्रतिनिधिसभा निर्वाचनतर्फ एउटा र प्रदेशसभातर्फ दुईवटा सिट मागेकोमा झापा क्षेत्र नं ३ राप्रपालाई दिने सहमति भइसकेको राप्रपा जिल्ला अध्यक्ष केशवप्रसाद ओझाले बताए । उनले प्रदेशसभातर्फको भागवन्डा पनि मिल्न लागेको जानकारी दिए । 'हामीले प्रदेशसभा निर्वाचनमा दुईवटा सिट मागेका छौं' उनले भने,' एउटामा उहाँहरु मन्जुर हुनुहुन्छ बाँकी अर्कोको विषयमा छलफल हुँदैछ ।' एक-दुई दिनमै टुंगिने उनको भनाई छ ।

**जरिवाना तिरेर ३ जना समानुपातिक उम्मेदवार**

झापामा राप्रपाका तीनजना निर्वाचन आयोगलाई जरिवाना तिरेर समानुपातिक उम्मेदवारको बन्दसूचीमा परेका छन् । गत स्थानीय तहको निर्वाचनमा उम्मेदवार बन्दा निर्वाचन खर्चको विवरण नबुझाउँदा उनीहरुले जरिवाना तिर्नुपरेको हो । जरिवाना नतिरी समानुपातिकको बन्दसूचीमा पर्न नसकिने भएपछि कचनकवलका अन्जरा आलम , निमसरी राजवंशी र बिर्तामोडकी रन्जु प्याकुरेलले जरिवाना तिरेका हुन् । कचनकवल गाउँपालिकाको अध्यक्षमा उठेका आलम र उपाध्यक्षमा उठेकी राजवंशीले जनही साढे तीन लाखका दरले जरिवाना तिरेका छन् भने बिर्तामोड नगरपालिकाको उपप्रमुखमा उठेकी प्याकुरेलले साढे चार लाख जरिवाना बुझाएको जिल्ला अध्यक्ष ओझाले बताए । आलम प्रतिनिधिसभा तथा राजवंशी र प्याकुरेल प्रदेशसभा निर्वाचनका लागि समानुपातिकको बन्दसूचीमा परेका छन् ।

## नेविसंघ भद्रपुर ९ को सभापतिमा घिमिरे

भद्रपुर(प्रस) । नेपाल विद्यार्थी संघ भद्रपुर ९ को सभापतिमा विवेक घिमिरे मुकेश निर्विरोध चयन भएका छन् । संघको उपसभापतिमा सिम्पल पौडेल र अभिशेक खतिवडा, सचिव प्रल्हाद राजवंशी र रितिका राजवंशी, सहसचिव जेनिशा शर्मा र उद्धव राजवंशी तथा कोषाध्यक्षमा अंशु खडा निर्विरोध चयन भएका छन् । यसैगरी सदस्यहरूमा शोभा खड्का, कविन्द्र राजवंशी, प्रविधि पोखरेल, औरज दाहाल, दिपेन्द्र राजवंशी, रेनुका शिवाकोटी, लक्ष्मी मुर्मू, गौतम राजवंशीलगायत रहेका छन् । वडा सभापति चेतनाथ भट्टराईको सभापतित्व तथा नेपाली काँग्रेसकी केन्द्रीय सदस्य गोमा भट्टाराईको प्रमुख आतिथ्यमा सम्पन्न कार्यक्रममा प्रदेश उपसभापति सोमप्रसाद ढुंगेललगायतले शुभकामना मन्तव्य राखेका थिए भने नवनिर्वाचित सभापति घिमिरेले प्रतिबद्धता मन्तव्य राख्दै युवा विद्यार्थीको अधिकार सुनिश्चित गर्न लागिपर्ने जनाएका छन् ।

## झापामा खुल्यो मुख्य निर्वाचन अधिकृतको कार्यालय

भद्रपुर(प्रस)। प्रतिनिधिसभा तथा प्रदेशसभा निर्वाचनका लागि झापामा मुख्य निर्वाचन अधिकृतको कार्यालय सञ्चालनमा आएको छ ।

प्रतिनिधिसभाका ५ वटा निर्वाचन क्षेत्र तथा प्रदेशसभाका लागि १० वटा निर्वाचन क्षेत्र रहेको झापामा सवै निर्वाचन क्षेत्रहरूको समन्वय गर्ने गरी मुख्य निर्वाचन कार्यालय सञ्चालनमा ल्याइएको हो ।

जिल्ला समन्वय समिति झापाको कार्यालयबाट सञ्चालन हुने मुख्य निर्वाचन अधिकृतको कार्यालयले झापा क्षेत्र नम्वर ३ को प्रतिनिधिसभा तथा प्रदेशसभा निर्वाचन हेर्ने छ । झापामा रहेका राजनीतिक दल, सञ्चारकर्मी, प्रहरी प्रशासनका प्रमुखको उपस्थितिमा सो कार्यालयको उद्घाटन जिल्ला समन्वय समिति झापाका प्रमुख विश्वनाथ बरालले गरेका थिए ।कार्यक्रममा स्वागत गर्दै जिल्ला निर्वाचन अधिकारी तुलसीकुमार नेपालले स्थानीय तह निर्वाचनमा जस्तै प्रतिनिधिसभा तथा प्रदेशसभा निर्वाचनमा पनि झापाबासीको उत्साहप्रद सहभागितामा शान्तिपूर्ण रूपमा निर्वाचन सम्पन्न हुने विश्वास व्यक्त गरे । उनले यस पटकको निर्वाचनमा क्षेत्रगत रूपमा निर्वाचन कार्यालय रहने जानकारी दिँदै ती कार्यालय कार्तिक २० गतेभित्र खुलिसक्ने जानकारी दिए ।

उनका अनुसार झापा १ को निर्वाचन कार्यालय मेचीनगरमा, २ को अर्जुनधारा नगरपालिकामा, ३ को भद्रपुरमा, ४ को कन्काई नगरपालिकामा र ५ को दमकमा निर्वाचन कार्यालय सञ्चालन हुने छन् ।

कार्यक्रममा झापाका प्रमुख जिल्ला अधिकारी छविलाल रिजालले झापा जिल्लामा दलीय एकताले निर्वाचन सफल पार्न महत्वपूर्ण सहयोग हुने गरेको भए पनि स्थानीय तह निर्वाचनमा अन्तिम समयमा निर्वाचन आचारसंहिता उल्लंघनका केही घटना देखिएकाले यस निर्वाचनमा त्यस्ता घटना दोहोरिन नहुने धारणा राखेका थिए । कार्यक्रममा नेपाली काँग्रेसका प्रतिनिधि रमेश पोखरेल, नेकपा एमालेका असारू राजवंशी, नेकपा समाजवादीका वेदराज रेग्मी, राप्रपाका अभिषेक ढुंगानालगायतले धारणा राख्दै निर्वाचन आचारसंहिताको पूर्ण पालना गर्ने प्रतिबद्धता राखेका थिए भने कार्यक्रमको सहजीकरण झापा जिल्लाका स्रेस्तेदार वीरेन्द्र बस्नेतले गरेका थिए ।

## शिखर बचत तथा ऋण सहकारी संस्था लि.

बिर्तामोड- ४, झापा

### साधारण सभासम्बन्धी सूचना

शिखर बचत तथा ऋण सहकारी संस्था लि.बिर्तामोड ४ को १२ औ बार्षिक साधारणसभा संचालक समितिको निर्णय अनुसार ईकाई गत सभाका कार्यक्रमहरु निम्न मिति स्थान र समयमा सम्पन्न हुने भएको हुंदा सभामा अनिवार्य सहभागिताका लागि शेयर सदस्य ज्युहरुलाई अनुरोध गरिन्छ । ईकाईगत सभामार्फत प्रतिनिधि छनोट गरी साधारणसभाको अन्तिम कार्यक्रममा माईन्युट प्रमाणीकरण गरिने हुंदा सम्पुर्ण सदस्य ज्युहरुले अनिवार्य उपस्थिति जनाई दिनहुन अनुरोध गर्दछु ।

**साधारण सभा /ईकाईगत भेला /प्रतिनिधि छनोट**

१. **राजगढ सेवाकेन्द्रको कार्यालय** :- मिति २०७९ कार्तिक २१ र २२ गते

२.**गरामनी सेवाकेन्द्रको कार्यालय** :- मिति २०७९ कार्तिक २३ र २४ गते

३.**शनिश्चरे बजारको आदिवासी सभाहल** :-बिर्तामोड कार्यालयअन्तर्गत अर्जुनधारा न.पा. वडा नं.८ का सदस्यहरु मिति २०७९ कार्तिक २५ गते

४.**मुख्य कार्यालयको सभाहल भद्रपुर रोड बिर्तामोड** :- मिति २०७९ कार्तिक २६,२७,२८ गते

**समय बिहानको १० बजेदेखि ४ बजेसम्म**

**साधारणसभाको अन्तिम माईन्युट प्रमाणीकरण कार्यक्रम**

**मिति २०७९ कार्तिक ३० गते बुधबार**

**समय बिहानको ११ बजे देखि**

**साधारणसभा /ईकाईगत भेलामा पेश गरिने कार्यसूचीहरु**

१.संचालक समितिको तर्फबाट अध्यक्षको प्रतिवेदन प्रस्तुत एवं पारित सम्बन्धमा ।
२.लेखा परीक्षण प्रतिवेदन प्रस्तुत एवं पारित सम्बन्धमा ।
३.२०७९/८० को बजेट नीति तथा कार्यक्रम प्रस्तुत एवं पारित सम्बन्धमा ।
४.निर्वाचित संचालक समिति तथा लेखा समिति सदस्यहरुको पद हस्तान्तरण तथा सपथ ग्रहण सम्बन्धमा ।
५.लेखा परीक्षकको नियुक्ति तथा पारिश्रमिक तोक्ने सम्बन्धमा ।
६.संस्थाको विनियम २०६७,विनियम पुनर्लेखन २०७९ छलफल गरी पारित गर्ने सम्बन्धमा ।
७.नीति,नियमावली,कार्यविधिहरु पारित गर्ने सम्बन्धमा ।
८.समिति तथा उपसमितिहरुको बैठक भत्ता तथा अन्य सुबिधा सम्बन्धमा ।
९.बाह्य ऋण माग गर्ने सम्बन्धमा ।
१०.सहकारी विभागबाट अनुगमनका क्रममा प्राप्त सुझाव निर्देशन कार्यान्वयन सम्बन्धमा ।
११.शेयर सदस्यहरुलाई लाभांश,संरक्षित पूंजी फिर्ताकोष वितरण गर्ने सम्बन्धमा ।
१२.कर्मचारीलाई कर्मचारी बोनस कोषको रकम वितरण गर्ने सम्बन्धमा ।
१३.साधारणसभाको मुल माईन्युट लेखन तथा प्रमाणीकरण गर्ने समिति छनोट सम्बन्धमा ।
१४.कर्मचारीहरुको तलब भत्ता तथा सुविधा सम्बन्धमा ।
१५.संस्था एकीकरण तथा मर्जर गर्ने सम्बन्धमा ।
१६.विविध ।
(नोट :सभामा सदस्य स्वयं उपस्थित हुनु पर्ने छ ।)

**दिपेन्द्र राउत**
**अध्यक्ष**

**बिर्ता (सेफ्टी तथा ढल सफाई)**
**बिर्तामोड , झापा**

( पहाडी क्षेत्रमा पनि यो सेवा उपलब्ध छ ।)

भूपाल बुढाथोकी
023-545402
9825952677
9825952680

पुर्वाञ्चलमै सबैभन्दा ठूलो भ्याकुम सिस्टमबाट सफाई गरिन्छ ।

सेफ्टी तथा ढल सफाई गर्नु परेमा हामीलाई सम्झनुहोस ।

बडा दशैं को शुभकामना

हिन्दु नेपालीहरुको महान चाड बडादशैं, तिहार, नेपाल सम्वत तथा छठ पर्व २०७९ को सुखद अवसरमा स्वदेश एवम् विदेशम रहनु हुने सम्पूर्ण नेपालीहरुमा सुख, शान्ति, सुस्वास्थ्य, दिर्घायु र समृद्धिको लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौ ।

समाजसेवी : सूर्यमान लिवाङ तथा परिवार

भद्रपुर २ (सगरमाथा चोक) , झापा

बडा दशैं को शुभकामना

हिन्दु नेपालीहरुको महान चाड बडादशैं, तिहार, नेपाल सम्वत तथा छठ पर्व २०७९ को सुखद अवसरमा सम्पूर्ण ग्राहक वर्ग स्वदेश एवम् विदेशमा रहनु हुने सम्पूर्ण नेपालीहरुमा सुख, शान्ति, सुस्वास्थ्य, दिर्घायु र समृद्धिको लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौ ।

पुरुषोत्तम अधिकारी, अध्यक्ष
बाबुराम कार्की, सचिव

चन्द्रगढी खानेपानी उपभोक्ता तथा सरसफाई समिति

चन्द्रगढी , झापा

बडा दशैं को शुभकामना

हिन्दु नेपालीहरुको महान चाड बडादशैं, तिहार, नेपाल सम्वत तथा छठ पर्व २०७९ को सुखद अवसरमा सम्पूर्ण ग्राहक वर्ग स्वदेश एवम् विदेशमा रहनु हुने सम्पूर्ण नेपालीहरुमा सुख, शान्ति, सुस्वास्थ्य, दिर्घायु र समृद्धिको लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौ ।

प्रो . गोबिन लिम्बू

नुमा चिया युवा सप्लायर्स

भद्रपुर ४ , झापा

यहाँ किरानाका सम्पूर्ण सामानहरु सुपथ मूल्यमा पाईन्छ ।

बडा दशैं को शुभकामना

हिन्दु नेपालीहरुको महान चाड बडादशैं, तिहार, नेपाल सम्वत तथा छठ पर्व २०७९ को सुखद अवसरमा स्वदेश एवम् विदेशम रहनु हुने सम्पूर्ण नेपालीहरुमा सुख, शान्ति, सुस्वास्थ्य, दिर्घायु र समृद्धिको लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौ ।

समाजसेवी : लक्ष्मीप्रसाद साँवा / छत्रकुमारी साँवा

भद्रपुर १ (हिमाली), झापा

बडा दशैं को शुभकामना

हिन्दु नेपालीहरुको महान चाड बडादशैं, तिहार, नेपाल सम्वत तथा छठ पर्व २०७९ को सुखद अवसरमा स्वदेश एवम् विदेशम रहनु हुने सम्पूर्ण नेपालीहरुमा सुख, शान्ति, सुस्वास्थ्य, दिर्घायु र समृद्धिको लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौ ।

पूर्व उपमेयर तथा समाजसेवी चन्द्रमाया श्रेष्ठ तथा परिवार

भद्रपुर , झापा

बडा दशैं को शुभकामना

हिन्दु नेपालीहरुको महान चाड बडादशैं, तिहार, नेपाल सम्वत तथा छठ पर्व २०७९ को सुखद अवसरमा स्वदेश एवम् विदेशम रहनु हुने सम्पूर्ण नेपालीहरुमा सुख, शान्ति, सुस्वास्थ्य, दिर्घायु र समृद्धिको लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौ ।

एस. रहमान

होटल आनी हेरिटेज प्लाजा परिवार

भद्रपुर , झापा

सन्देश मुलक सूचना तथा

बडा दशैं को शुभकामना

नेपालमा बढ्दै गइरहेको डेङ्गु रोगबाट बच्न सुत्नेबेलामा झुल लगाएर सुतौं, पुरा शरिर ढाक्ने लुगा लगाऔं, वरीपरि पानी जम्न नदिऔं । जन्म, मृत्यु, विवाह, तथा सम्बन्धविच्छेद जस्ता कुराहरु समयमै दर्ता गराऔं साथै नेपालीहरुको महान चाड बडादशैं, तिहार, नेपाल सम्वत तथा छठ पर्व २०७९ को सुखद अवसरमा देश तथा विदेशमा रहनु हुने सम्पूर्ण नेपालीहरुमा सुख, शान्ति, सुस्वास्थ्य, दिर्घायु र समृद्धिको लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौ ।

कालेन्द्रप्रसाद सिंह राजवंशी, अध्यक्ष
नवराज भट्टराई, उपाध्यक्ष
हिराकुमारी यादव, प्रमुख प्रशासकीय अधिकृत

कचनकवल गाउँपालिकाको कार्यालय

बनियानी , झापा

सन्देश मुलक सूचना तथा

बडा दशैं को शुभकामना

नेपालमा बढ्दै गइरहेको डेङ्गु रोगबाट बच्न सुत्नेबेलामा झुल लगाएर सुतौं, पुरा शरिर ढाक्ने लुगा लगाऔं, वरीपरि पानी जम्न नदिऔं । जन्म, मृत्यु, विवाह, तथा सम्बन्धविच्छेद जस्ता कुराहरु समयमै दर्ता गराऔं साथै नेपालीहरुको महान चाड बडादशैं, तिहार, नेपाल सम्वत तथा छठ पर्व २०७९ को सुखद अवसरमा देश तथा विदेशमा रहनु हुने सम्पूर्ण नेपालीहरुमा सुख, शान्ति, सुस्वास्थ्य, दिर्घायु र समृद्धिको लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौ ।

रविन्द्रप्रसाद लिङ्देन, अध्यक्ष
लक्ष्मीदेवी मैनाली, उपाध्यक्ष
सुवास श्रेष्ठ, प्रमुख प्रशासकीय अधिकृत

हल्दिबारी गाउँपालिकाको कार्यालय

हल्दिबारी, झापा

सन्देश मुलक सूचना तथा

बडा दशैं को शुभकामना

नेपालमा बढ्दै गइरहेको डेङ्गु रोगबाट बच्न सुत्नेबेलामा झुल लगाएर सुतौं, पुरा शरिर ढाक्ने लुगा लगाऔं, वरीपरि पानी जम्न नदिऔं । जन्म, मृत्यु, विवाह, तथा सम्बन्धविच्छेद जस्ता कुराहरु समयमै दर्ता गराऔं साथै नेपालीहरुको महान चाड बडादशैं, तिहार, नेपाल सम्वत तथा छठ पर्व २०७९ को सुखद अवसरमा देश तथा विदेशमा रहनु हुने सम्पूर्ण नेपालीहरुमा सुख, शान्ति, सुस्वास्थ्य, दिर्घायु र समृद्धिको लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौ ।

मेघाहाङ थोप्रा (रोशन), नगर प्रमुख
नरमाया कार्की, उपप्रमुख
अमृतबहादुर राई, प्रमुख प्रशासकीय अधिकृत

शिवसताक्षी गाउँपालिकाको कार्यालय

शिवसताक्षी , झापा

बडा दशैं को शुभकामना

हिन्दु नेपालीहरुको महान चाड बडादशैं, तिहार, नेपाल सम्वत तथा छठ पर्व २०७९ को सुखद अवसरमा स्वदेश एवम् विदेशम रहनु हुने सम्पूर्ण नेपालीहरुमा सुख, शान्ति, सुस्वास्थ्य, दिर्घायु र समृद्धिको लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौ ।

राहुल शर्मा
वडा अध्यक्ष

बिर्तामोड नगरपालिका ४ नं वडा कार्यालय

बिर्तामोड , झापा

बडा दशैं को शुभकामना

हिन्दु नेपालीहरुको महान चाड बडादशैं, तिहार, नेपाल सम्वत तथा छठ पर्व २०७९ को सुखद अवसरमा सम्पूर्ण ग्राहक वर्ग, शुभचिन्तक तथा स्वदेश एवम् विदेशम रहनु हुने सम्पूर्ण नेपालीहरुमा सुख, शान्ति, सुस्वास्थ्य, दिर्घायु र समृद्धिको लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौ ।

प्रो. राजकुमार गुप्ता

राज ज्वेलर्स परिवार

बिर्तामोड , झापा

बडा दशैं को शुभकामना

बडादशैं, दीपावली, नेपाल सम्वत ११४३ तथा छठ पर्वको अवसरमा हामी हाम्रा अतिथि, शुभेच्छुक, साहित्य, संगीत, कला र संस्कृतिमा समर्पित व्यक्तित्व एवम् देश विदेशमा रहनु भएका सबै नेपाली मनहरुलाई सुख, शान्ति, समृद्धि र आरोग्यताको कामना गर्दै हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

देवीभक्त श्रेष्ठ, अध्यक्ष तथा प्रबन्ध निर्देशक
उर्मिला विमली श्रेष्ठ, सञ्चालक

होटल हिकोला हेरिटेज प्रा.लि.
हिमालयन टुर एण्ड ट्राभल्स (अनुपमा)

हिकोला कलर ल्याव प्रालि परिवार
साहित्य चौतारी (संस्थापक संरक्षक)

बिर्तामोड , झापा

बडा दशैं को शुभकामना

हिन्दु नेपालीहरुको महान चाड बडादशैं, तिहार, नेपाल सम्वत तथा छठ पर्व २०७९ को सुखद अवसरमा सम्पूर्ण ग्राहक वर्ग, शुभचिन्तक तथा स्वदेश एवम् विदेशम रहनु हुने सम्पूर्ण नेपालीहरुमा सुख, शान्ति, सुस्वास्थ्य, दिर्घायु र समृद्धिको लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौ ।

प्रो . सन्दीप शाह

प्रतिक्षा ज्वेलर्स परिवार

बिर्तामोड (रत्न सपुर मार्केट ) , झापा

# गरामनीमा १२ जना बृद्धबृद्धालाई सम्मान

झापा(प्रस)। अन्तर्राष्ट्रिय ज्येष्ठ नागरिक दिवसको अवसरमा वर्षमाथिका बृद्धबृद्धालाई सम्मान गरिएको हो । समाजसेवी तथा

गरामनीको शक्तिपीठमा १२ जना बृद्धबृद्धालाई सम्मान गरिएको छ । गरामनीको प्रसिद्ध दुर्गा मन्दिरमा घटस्थापनादेखि संचालन भइरहेको श्रीमद कुर्म महापुराणका बीच ८० दानवीर होम पाण्डेले ती बृद्धबृद्धालाई सम्मान गरेका थिए । सम्मानित हुनेहरुमा भद्रप्रसाद चुडाल , नरमाया चुडाल , दिलबहादुर भट्टराई , लक्ष्मीप्रसाद थपलिया , घनश्याम खनाल , मन्दिरा अधिकारी ,भागिरथा आचार्य ,श्रीप्रसाद सेडाई ,भीम ठकुरी , पर्शुराम भट्टराई , कुलप्रसाद दाहाल रजमुना पौडेल रहेका छन् ।

श्री मठमन्दिर विकास तथा समाजसेवा समितिको आयोजनामा प्रत्येक वर्ष दसैंको बेला गरामनीमा धार्मिक अनुष्ठान हुँदै आएको छ । यस वर्ष घटस्थापनादेखि शुरु भएर सप्तमीका दिन समापन हुने श्रीमद् कुर्म महापुराणको प्रमुख वाचकमा शान्तिराम नेपाल तथा उपवाचकमा मोहन घिमिरे रहेका छन् । गरामनीको ऐतिहासिक तथा पुरातात्विक दुर्गा मन्दिरमा दसैंको महानवमीको दिन भक्तालुहरुको घुँइचो लाग्ने गरेको छ ।

# गुड्दै गरेको बसमा आगो लाग्यो

झापा(प्रस)। काठमाडौंबाट दिक्तेल आउँदै गरेको बसमा आगलागी भएको छ । बा ३ ख ८९८१ नम्बरको गुड्दै गरेको बसमा हलेसी तुवाचुङ नगरपालिका-१ बाहुनीडाँडाको कदुवामा शनिबार दिउँसो साढे चार बजे आगलागी भएको हो । जिल्ला प्रहरी कार्यालय खोटाङका प्रवक्ता प्रहरी निरीक्षक रामबालक रायका अनुसार गाडीको इन्जिनमा समस्या आएपछि कारण आगलागी भएको हो । मानवीय क्षति भने नभएको प्रहरीले जनाएको छ ।

बस भने पूर्ण रुपमा क्षति भएको प्रत्यक्षदर्शी उमेश ढुङ्गानाले बताए । बसमा आगो लागेपछि आफूहरू निस्किएको दिक्तेल रुपाकोट मभ्रुवागढी नगरपालिका-१३ नुनथलाका जगशेर राईले बताए । 'बसमा उभिएर; बसेर खचाखच यात्रु थियौं' राईले भने ' आगो लागेपछि भागाभाग भयो ।' प्रहरीले भने ३७ जना मात्र यात्रु भएको जनाएको छ ।

# आगलागी तथा मिर्गौलापीडितलाई आर्थिक सहायता

पथरी(प्रस)। मोरङको सुनवर्षी गाउँपालिकाका दुई आगलागी पीडितलाई पूर्व वडाध्यक्ष प्रताप तामाङले आफ्नो जन्मदिनको अवसरमा आर्थिक सहयोग गरेका छन्।

तामाङले सुनवर्षी-१ का अतिविपन्न आगलागी पीडित केदार बेघा र वडा नं ५ का स्माईल मियालाई जनही ५१ हजार रुपैयाँको दरले आर्थिक सहयोग उपलब्ध गराएका हुन्।

सुनवर्षी-२ का पूर्व वडाध्यक्ष तामाङ नेपाली कांग्रेसको स्थानीय नेताको रूपमा निकै परिचित छन् ।

वडा नं १ स्थित पिपल चोकमा बस्दै आएका बेघाको परिवारलाई आर्थिक विपन्नताको कारण ओत लाग्ने ठाउँ नभएपछि आर्थिक सहयोग उपलब्ध गराएको पूर्व वडाध्यक्ष तामाङले बताएका छन्।

गत असार ९ गते बेघा परिवारको घर जलेको थियो। आर्थिक अवस्था कमजोर भएर पुनः घर बनाउन नसकेपछि आर्थिक सहयोग प्रदान गरेको युवा नेता तामाङले जनाएका छन् । त्यस्तै अति नै विपन्न मियाको पारिवारिक अवस्था कमजोर भएको कारण तामाङले आर्थिक सहयोग प्रदान गरेको बताए।

यसैगरी, तामाङले नोबेल हस्पिटल विराटनगरमा उपचार गराइरहेका वडा नं २ की दिलकुमारी राजवंशीलाई आर्थिक सहयोग प्रदान गरेका छन्। उनले मिर्गौला फेल भएपछि हाल नोबेलमै उपचाररत मिर्गौला पीडित राजवंशीको परिवारलाई २५ हजार रुपैयाँ बराबरको सहयोग प्रदान गरेका हुन् ।

नव सञ्चार गृह प्रा.लि.द्वारा प्रकाशित तथा नव सञ्चार अफसेटमा मुद्रित कार्यालय : भद्रपुर बस स्टेण्ड पश्चिम, गजुरमुखीटोल, बिर्तामोड (झापा) फोन नं.: ०२३-५४३८२० इमेल : pratidin65@gmail .com अध्यक्ष : युवराज दाहाल ।। कार्यकारी सम्पादक : इन्द्रसिंह राजवंशी

# प्रतिदिन अभिव्यक्ति

## तिमी नहुँदा

• हेमराज लिम्बू

तिमी नहुँदा
वसन्त ऋतुको
प्रचण्ड गर्मीमा
शीतलता अनुभूत गर्न
फ्यान र एसी जडित
शून्य कोठामा बस्छु
तर अहँ !
शीतलता पाउँदिनँ
तिमी नहुँदा
शिशिर ऋतुको
मुटु काम्ने जाडोमा
न्यानोपनको अनुभूत गर्न
हिटर ताप्न बस्छु
तर अहँ!
न्यानोपन पाउँदिनँ
फ्यान र एसीबाट
नपाएको शीतलता
अनि
हिटर ताप्दा
नपाएको न्यानोपन
जब
तिमीसामु म उभिन्छु
म प्रचण्ड गर्मीमा
शीतलता पाउँछु
मुटु काम्ने जाडोमा
न्यानोपन पाउँछु।

## दसैं आउँछ

• प्रतिभा पौडेल 'एकता'

आत्तिएर छटपटाएका गाउँहरूमा
शून्यताले प्रधानता पाएका गाउँहरूमा
एकैछिन भए पनि आफ्नो बनेर
सधैंलाई नभए नि दिन गनेर
क्षणिक भए नि साथ दिन
हातमा हात दिन
सयौंदेखि हजारसम्म
सहरदेखि बजारसम्म
वर्षमा एकपटक भए नि दसैं आउँछ।

वृद्धावस्थाले थलिएका गाउँहरूमा
सहारा खोजिरहेका ठाउँहरूमा
एकैछिन भए पनि ढाडस बनेर
झिनो भए पनि आश बनेर
क्षणिक भए नि साथ दिन
हातमा हात दिन
तालदेखि सुरसम्म
दूरदेखि दूरसम्म
वर्षमा एकपटक भए नि दसैं आउँछ।

ग्रिष्मले धोएका गाउँहरूमा
रङ्ग उडेका खल्ला ठाउँहरूमा
एकैछिन भए पनि रङ्गिन गराएर
सत्य जिताई असत्यलाई हराएर
क्षणिक भए नि साथ दिन
हातमा हात दिन
पिडको सुसेलीमा
मिठो कोसेलीमा
नौडाँडा पारिदेखि
युरोपदेखि खाडीसम्म
वर्षमा एकपटक भए नि दसैं आउँछ।

निधारको जमरा र टीका बनेर
कसैको ठिक्क त कसैको फिका बनेर
वर्षमा एकपटक भए नि दसैं आउँछ।

# म डाक्टर बन्न सकिनँ...

• सरस्वती शर्मा सुवेदी

मेरो यो गतिका बहालवाला उनीहरू नै हुन्। यो म यकिनका साथ भन्न सक्छु जो सबै मेरा आफ्नै थिए। उनीहरू मेरा रगतका मात्र साइनो नभएर मुटु धड्कन र प्राण पनि थिए। उनीहरूको हाँसोको निम्ति म तौलिरहेकी हुन्थें। के कसैको हाँसोको निम्ति कोही तौलिनै पर्छ, कसैले कसैलाई नतौली र नहोच्याई, नखिस्याई आफू हाँस्न असमर्थ हुन्छ हो? आफू बाँच्न असमर्थ हुन्छ हो? त्यो पनि इज्जत जोख्ने तराजुमा। इज्जत कसरी जोखिन्छ? के मा जोखिन्छ? त्यस्तो भन्नुपर्ने कुरो हो र? 'कोही मान्छे अर्काकै कुरा काट्न जन्मेका हुन्छन् यार। अरूलाई तौलिनका लागि मात्र जन्मिन्छन् रे,' भन्ने गर्थी ऊ।
'कसरी थाहा पायौ?,' म भन्थें।
'कस्ती बेबुझ केटी तिमी!'
'महिमा खनाल के,' मैले ओठ बटारेकी थिएँ।
सलिमाले धेरै पटक यस्तै भन्थी र हाँस्थी।
औंसीका रातहरू उज्याला हुन्थे, ऊ र म साथ हुँदा। मेरो परिवारलाई सलिमाजस्ती पढ्ने छोरी चाहिएको थियो। उसको परिवारलाई मजस्ती खेल्ने छोरी चाहिएको थियो। मैले खेलमा जितेर ल्याएको पदक देखेर उसका बाआमा कति खुसी भएका थिए। ऊ प्रथम भएर ल्याएको पुरस्कारमा मेरा बा, हजुरबा कति खुसी हुनु भएको थियो! 'सलिमाजस्तो हुनुपर्छ महिमा,' हजुरबा भन्नुहुन्थ्यो। 'जो जस्तो छ, त्यस्तै हुनुपर्छ हजुरबा,' म भन्थें, 'म सलिमाजस्ती कसरी हुने हजुरबा? सलिमा महिमाजस्ती कसरी हुने? हामी दुवै जना एउटै कसरी हुने?' हामी दुवै गिज्याउँदै भन्थ्यौं र खित्त हाँस्थ्यौं। अनि एकै स्वरमा भन्थ्यौं, 'कि पढेर जितिन्छ कि खेलेर जितिन्छ। कुरा त एउटै हो।' ऊ र म हाँस्थ्यौं। त्यो हाँसोले हाम्रो वरपरको वातावरण सय ताल गुन्जिन्थ्यो। हामी फेरि सय ताल हाँस्थ्यौं। अनि लाग्थ्यो, हामीसँगै हामीले टेकेको जमिन हाँसिरहेको छ। मेरी बालसखी ऊ तर आज बेपत्तासँग हराई। त्यति सानो उमेरमै कता हराई ! त्यति धेरै कुरा बुझ्ने मान्छे। यति धेरै कुरा त्यति सानै उमेरमा कसरी बुझी उसले? हाम्रो दश कक्षाको पढाइमा पूर्णबिराम लाग्न नपाउँदै हाम्रो मित्रता बीचमै टुट्नेको थियो।
ऊ मलाई सदाको निम्ति पर हुत्ताएर गएकी थिई। ऊ विद्यालय नआएपछि उसलाई भेट्न म अस्पताल गएकी थिएँ। अस्पतालको त्यो अन्तिम दिन उसले मेरा हातका दुवै औंला समाउँदै भनेकी थिई- 'मलाई ब्लड क्यान्सर छ रे महिमा! म अब जान्छु'
'कहाँ?,' मैले सोधेकी थिएँ।
'मेरेका मान्छे कहाँ जान्छन्?' त्यहीं क्या!'
'मलाई नि लैजा न यार।'
कसरी लानु? म मर्छु। तिमी बाँच्छौ। मर्ने र बाँच्ने कहिल्यै सँगै हुँदैनन् बुझ्यौ महिमा!,' उसले यस्तै भनेकी थिई।
त्यसकै भोलिपल्ट बिहानीको सत्रमै हाम्रो स्कुल छुट्टी भएको थियो। अरु दिनको छुट्टीमा रमाउने म त्यस दिन भने दिनभरि रोएकी थिएँ। बलिन्धरा अश्रु आँखाबाट गालातिर झर्दै आधा ओठमा पस्दै आधा भुइँतिर झरेका थिए। ऊ प्रथम हुने केटी, म अन्तिम हुने केटी तर पनि हाम्रो मित्रता अटुट थियो। ऊ छोडेर गई।
'महिमा, तिमी र म सधैं सँगै ल!'
'हुन्छ क्या पढन्ते,' म भन्थें।
'ल ल खेलन्ते,' ऊ गिज्याउँथी।
'म सलिमा भएर जन्मनु पर्थ्यो। तिमी महिमा भएर जन्मनु पर्थ्यो! हाम्रो जन्म मै उल्टो रहेछ, सलिमा,' म भन्थें।
'जन्माउन नजान्ने प्रकृतिले हुर्काउन के जान्दथ्यो!,' ऊ भन्थी।
यसरी ऊसँगका वार्तालापहरू मसँग ताजै थिए। एकदिन सलिमा र मेरोबीच एउटा ठूलो दायरा कायम भयो। त्यसपछि चाहेर पनि हामीले एक अर्कालाई भेट्न नसक्ने भयौं। म त्यस दिन यस्तै कुरा सम्झेर धेरै रोएकी थिएँ। सलिमाको यादमा ! ती दिनहरू यादमा मात्र विलीन थिए। सलिमाका यादहरू मात्र बाँकी थिए, ऊ थिइन। एक समय यस्तो आयो मेरो बालापन विस्तारै हराउँदै गयो। जसरी हुरीले पतिङ्गर उडाउँछ, त्यसरी नै सलिमाका यादहरू पनि पर हुत्तिँदै गए। सलिमा बिना नै मैले बाह्रको साइन्स बल्लतल्त पास गरें। त्यसपछि सुरू भयो मेरा तनावको समय। त्यो समय यस्तो थियो, त्यो समय उस्तो थियो। म त बेचिएकी भएँ, खुसीको अंशबण्डामा। मेरा सारा इच्छाआकांक्षा जलाएर जब म उनीहरूको मानसम्मानको कसौटीमा परिक्दैं थिएँ, तबदेखि नै म बिचल्लीमा परेको महसुस गर्थें। जसरी मेरो जीवनको हरेक पलले उनीहरूको खुसी तय गर्दथ्यो। तब मेरो मनले आफ्नै आँखामा आँसुको तलाब खन्थ्यो। जुन कुरामा मेरो लगाव थिएन। त्यही वस्तु मेरो नजिकै किन ल्याइन्थ्यो? म त केवल एउटा वस्तु न थिएँ! उनीहरूले जन्माएकी, हुर्काएकी र बढाएकी। उनीहरूको पाँच औंलाको मुठीभित्र बाँधिएकी। म जन्मछु भनेकी थिएँ र ! बाआमाले जन्माएका। म मेरो इच्छाले जन्मेकी हुँ र ? उनीहरूको रहरले जन्माए। जन्मनु, हुर्कनु र कसैको भागमा पर्नु सायद ती संसारिक नियम हुन्। प्रकृतिका नियम हुन्। म तिनै सांसारिक नियम र बन्धनमा बाँधिएकी थिएँ। म के, सबै तिनै नियममा बाँधिन्छन्। भाग र अंशबण्डामा पर्छन्। आफ्ना आफ्ना भागभोग अनुसारको जीवन जीउँछन् र एकदिन सिद्धिन्छन् जसरी सलिमा सिद्धिई।
सिद्धिनु न हो जीवन। ढिलो चाँडोको खेल मात्र न हो। को अजम्बरी छ संसारमा र म हुन्छु? यो पृथ्वीले हजारौं मानिसलाई माटोमुनि लुकाइसकेको छ। कयौंलाई लुकाउने तरखरमा छ। हामी हाम्रै अस्तित्वमाथि टेकेर छाती फुलाउँछौं। आफूमा अहम भर्छौं र दङ्ग पर्छौं। मानौं हामी कहिल्यै मर्दैनौं। म गहिरो सोचाइमा डुब्थें र घोरिन्थें। अनि चुपचाप डायरीमा यी सबै टिप्थें। हजुरआमा 'ए के सोचेकी महिमा' भन्दै ब्युँताउनु हुन्थ्यो। मानौं म सोचमा मरिरहेकीलाई उठाउनु हुँदैछ। म त हजुरआमाले हुर्काएकी नातिनी थिएँ। उहाँको कुरा मान्ने मेरो आदत थियो। मेरो जन्म धनाढ्य परिवारमा भयो। त्यसलाई नै मैले सौभाग्य ठान्नुपर्छ। मेरो जति सौभाग्य नह्ने बालबालिका कति छन् कति! मैले शिक्षित घरपरिवार र भौतिक साधन प्रशस्त पाएकी थिएँ। कसैलाई सित्तैमा नमिल्ने नसिब मैले पाएकी थिएँ। मेरो नसिब त्यति बेला महङ्गो भयो जतिबेला मैले एमबिबिएस पढ्नको लागि प्रवेश परीक्षा दिएकी थिएँ। प्रवेश परीक्षा पास भएँ। त्यसपछि बाबा र हजुरबाले रोजेको कलेजमा भर्ना भएँ। भर्नाको लागि पनि यो चानचुने कुरो कहाँ थियो र ! करोडौंको सौदाबाजी! म त पैरै धनी बाउकी छोरी, महिमा खनाल। तर त्यहाँ त तनमनकै सौदाबाजी पो हुँदोरहेछ!
घोटिएर, रेटिएर, निश्चुक्क डुबेर पढ्नुपर्ने! त्यो मेरो बसको कुरो कहाँ थियो र? त्यहाँ मेरो लगावको कुरो कहाँ थियो र? मलाई खेल्न, उफ्रिन, पौडिन मन पर्थ्यो। गहिरो सोचमा डुब्न र उत्रिन मन पर्थ्यो। कलेज र होस्टेलको माहोलमा भिज्न खोजें। सलिमाजस्ती मिल्ने साथी खोजें। तर त्यो माहोलमा रम्ने मेरो वशको कुरो थिएन। होस्टेलको खानाजस्तै साथीहरू पनि बेरसिला। बेस्वादिला। साथीहरू आ-आफ्नै धुनमा! कोहीसँग कोही बोल्दैनथे। बोले पनि पैसा पर्छ जस्ता। अजम्बरी झार खाएजस्ता। पैसा हुन् कि साथी! मानिस हुन् कि भेडा! एउटाले जे गर्थ्यो, अरू त्यही गर्थे। एकले जे गर्छ, अर्कोले त्यही गर्दा मलाई तिनीहरू भेडा जस्ता लाग्थे। म कसैलाई गन्दैनथें। म पनि धनी बाउकी छोरी। नपुग्ने मसँग के थियो र? म कोहीसँग किन झुक्थें। मेरा लागि पैसा सस्तो थियो। उनीहरू महङ्गा ! बजारका सामानभन्दा उनीहरूको बोली र मिलनसारिता महङ्गो थियो। पैसाले किन्न मिल्ने भए म ती सबैको बोली र व्यवहार किनिदिन्थें। मेरै पछि लाग्ने बनाइदिन्थें। तर पैसाको तराजुमा ती सब कहाँ पर्दा रहेनछन्। म मेरा भावनाको कदर नभएको त्यो सौदाबाजीको पल, म कसरी बिर्सिन्थें! मसँग बस्ने रुममेट पनि मजस्तै घमण्डी थिई सायद! म धनी बाउकी रुन्चे छोरी, ऊ गरिब बाउकी दृढ छोरी। ऊ यस्ती थिई, उस्ती थिई, कस्ती कस्ती थिई ! ऊ न रुन्थी, न हाँस्थी, न बोल्थी। एकहोरो घोरिरहन्थी। किताब मात्र पढिरहन्थी। ऊ किताब हेर्छे कि पढ्छे! कुनै पल उसका र मेरा भावना साटिएनन्।
हजुरआमाले हुर्काइन्। जेठा छोराकी जेठी नातिनी। म हजुरआमासँगै सुतौं पछि भाइ र बहिनी जन्मे। ती मम्मीसँगै सुते र मम्मीसँगै हुर्के। हजुरआमाले मलाई हुर्काएको पलमा म उनकी राजकुमारी नातिनी। सायद संसारमा सबैभन्दा म उनकी प्यारी थिएँ। मसँगै रुने र म हाँस्दा हाँस्ने मेरी हजुरआमा! मलाई मनपर्ने हरेक वस्तु मेरा कोठामा मौजुद हुन्थे। चाहे ती खाने पिउने वस्तु हुन्, चाहे ती लगाउने, सजाउने वस्तु हुन्। चाहे ती ऐस, आराम र विलासिताका वस्तु हुन्। ती सबै मेरा लागि एकाठ्ठा हुन्थे।
हाम्रो संयुक्त परिवार। हजुरबा, हजुरआमा, काकाकाकी, फुपू, ठूलो परिवारमा आमा कता हराउनुहुन्थ्यो घरमा काम गर्ने नोकरचाकर भए पनि। कति पकाउने, के पकाउने, कतिखेर पकाउने! कसलाई चिया, कसलाई नास्ता, कसलाई पानी, कसलाई चिसो, कसलाई तातो! यी सब कुराको मम्मीले हेक्का राख्नुपर्थ्यो। मलाई मम्मीको के वास्ता। कहिलेकाहीं वास्ता गर्दा मलाई लाग्थ्यो, यी सबै कुराको मम्मीले ठेक्का लिनुभएको छ। मम्मी खानपिनको ठेकेदार हो। मम्मी र मेरो खाशै हेलमेल र बोलचाल भने थिएन। मेरा मैला लुगा भए या सुकिला छन्, थाहा नपाउने गैरजिम्मेवार ऊ मेरो अनुहारमा हेर्दैन थिई। उसका र मेरा आँखा जुध्दैन थिए। ऊ कस्ती कस्ती! बेस्वादिली, निरसिली। ठ्याक्कै होस्टेलजस्तै थिई। होस्टेलको खानाजस्तै थिई, बिना स्वादकी। ऊ कसैसित पनि खासै बोल्दिन थिई। हिमचिम र हेलमेल गर्दिन थिई। मलाई लाग्थ्यो, ऊ मसँग बोलोस्, हाँसोस्। त्यति पनि नभए बाझोस्, झगडा गरोस्, भनाभन गरोस्। तर ऊ चुपचाप थिई। ऊ झ्याल र पर्दासँगै खोल्थी, म लगाउँथें। ऊ ढोका खोल्थी, म बन्द गर्दिन्थें। मलाई अँध्यारो मनपर्थ्यो, उसलाई उज्यालो। उसलाई पढ्न मनपर्थ्यो, मलाई भिडिओ कल गर्न मनपर्थ्यो। ऊ पाई भने एक माना एकै चोटि खान सक्थी। पाइन भने दिनभरि भोकै बस्न सक्थी। ऊ जाडो, गर्मी सबै सहन गर्न सक्थी। किरा, उडुस, मच्छड उसका साथीजस्तै थिए। तिनीहरू उसको जीउ वरपर नाच्दा ऊ चुपचाप रहिदिन्थी। किताबमै घोरिन्थी। तिनै किरा मेरो वरपर नाच्दा म चिच्याएर तीन उमल उफ्रिन्थें। मेरो एसीमा बस्ने बानी। खोई उसको केमा बस्ने बानी! मलाई त्यस्तो ठाउँमा धेरै कठिन हुन्थ्यो। उसलाई त्यस्तो ठाउँ सहज देखिन्थ्यो। तर एक बिहानी सूर्य एक हातमाथि नआउँदै ऊ अर्को कोठामा बसाई सरी। छिः कस्तो निरसिलो पल! ऊ निष्ठुरी थिई या दयालु थिई। ऊ ढुङ्गाजस्ती कठोर थिई या फूलजस्ती नरम! बुझ्दै नबुझाई गई। मैले उसलाई धेरै नै डिस्टर्ब गरिदिन्थें। ऊ पढिरहेको बेलामा म चर्को रोइदिन्थें। उसले एकहोरो पढेको मलाई मनपर्ने थिएन! म एकहोरो रोएको उसलाई मनपर्ने थिएन। कस्तो विपरीत हाम्रो स्वभाव! मेरा आँखामा आँसुको तलाब हुन्थ्यो। उसको हातमा किताबको चाङ हुन्थ्यो। मेरा आँसु देखेर डराई ऊ। म रोइरहन्थें, ऊ हेरिरहन्थी। बिहान, बेलुका, राति ऊ कसैसित बोल्दिन थिई। मानौं, उसको संसारमा कोही छैन। ऊ एक्लै हो। संसार उसको लागि रित्तो छ। खाली छ। मेरो संसार भरिभराउ छ। मानौं मेरा संसारभरि आफन्तै आफन्त छन् म बिहानैदेखि कलेज नजान्जेलसम्म भिडिओ कलमा झुन्डिन्थें। कलेजबाट फर्केपछि रातिसम्म पनि मेरो मोबाइल चल्दथ्यो। हजुरबा, बाबा, हजुरआमा, त्यति भ्याएर अस्ट्रेलिया, क्यानडा, लण्डन, अमेरिका सबैतिर मेरा फुपू, फुपाजू, सानीमा, ठूलीआमा, मामा, माइजू, काकाकाकी सबैतिर मोबाइलमै रोएर भ्याउँथें।
किन रौयौ? उसले सोधिन। उसले के, कसैले सोधेनन्। सायद! उसलाई मेरा आँसु मन परेन। आँसु कसलाई मनपर्छ र उसलाई मनपर्नु! आँसुको मूल्य हुँदैन। मूल्य नभएको चिज कसलाई मनपर्छ? मूल्य भए पो मनपर्छ! महङ्गो चिज पो सबैलाई मनपर्छ। सस्तो चिज कसलाई मनपर्छ! मेरा आँखामा तलाब थियो। तलाबमा अक्सर पानी हुने गर्छ। तर त्यो तलाबमा आँसु थियो जुन तलाब मसँग थियो। मेरा आफ्नैले खन्दिएको तलाब। त्यो पनि आँसुको। म सधैं तिनै आँसु पिउँथें। आफ्नैले नदेखेको आँसुको तलाउ। तर उनीहरूले खनिदिएको आँसुको तलाब। जुन हरपल मेरा आँखामा मौजुद थियो। अलिकति घोचिदा पनि छचल्किन्थ्यो र बग्थ्यो। घोच्नेहरू तिनै थिए, जो मेरै परपर तैनाथ थिए। जो मेरा आफ्नै थिए। मलाई आमाले जन्माइन्। हाम्रा धेरै आफन्त डाक्टरी पेसामा हुनुहुन्थ्यो। मैले पनि एमबिबिएसको इन्ट्रान्सको लागि हड्डी घोटेर पढेकी थिएँ। तर त्यो हड्डी घोटाइ, महङ्गो हुन्छ भन्ने मलाई के थाहा! होस्टेलमा वार्डेन म्यामले मेरो पढाइमा रुचि नभएको बुझ्नुभयो। घर फर्काएर लान भन्नुभएको थियो रे हजुरबासँग तर मेरो परिवारले ती कुरा बेवास्ता गर्यो। त्यहाँ उपस्थित ब्वाइज वार्डेनले भने मैरै मात्र चियोचर्चो गर्यो। ती मैरै घर परका रहेछन्। हाम्रो सहरभन्दा पल्लो गाउँका। तिनलाई मेरा हजुरबाले महिमाको रेखदेख गर्नु भनेछन्।
उनले मेरो मात्र रेखदेख गरे। मैरै कुराको दोहोरी खेले। कुराका पनि मान्छेहरू दोहोरी खेल्दा रहेछन्! यताका कुरा उता, उताका कुरा यता। कुरा साटासाट, कुरा काटाकाटा। कुरौटेका पनि महाकुरौटे! कुराकै खेती, कुराकै अन्नबाली उब्जाए। रस मानेर कुरा काटे र निले। स्वाद लिए। मलाई मात्र हेर्न जन्मे झैं, मैरै मात्र चियो भएझैं। म कति बजे कलेज जान्छु, कति बजे फर्किन्छु, म एक्लै हिँड्छु कि साथीहरूसँग! यी सबै उनका चासोका विषय थिए। उनका दुई जना साथीहरूलाई पनि मैरै कुराको पोको खोलेर देखाउँथे। कहिले यता, कहिले उता। अनि ती सबै कुरा प्रिन्सिपलसम्म पुऱ्याउँथे। कहिलेकाहीं त हामीलाई पढाउने शिक्षकसम्म पुग्थे र मतिर फर्किन्थे। अर्को एक बिहानी जब हामी सबै कलेजतिर लम्कँदै थियौं तब एकजना सरले भन्नुभयो, 'हेर महिमा, यस्तो तालले पढेर डाक्टर बन्निँदैन।' 'बुझ्यौ! कुन तालले पढौं त?' ओठे जवाफ फर्काउन मन थियो तर त्यहाँ उपस्थित साथीहरूको साथले मेरो ओठलाई तालाबन्दी गरिदियो। म तत्काल चुप रहें। फेरि मैले एक श्वास फेर्न नपाउँदै उनी नै बोले, 'अब समय बर्बाद नगरी पढे, डाक्टर बन्नुछ भनो' ती सरले समूहमा त्यसरी भनेको पटक्कै मन परेन। एक्लै बोलाएर भनेको भए हुने। तर समूहमा यस्ता कुरा किन भने! भन्नै जरुरी भए एक्लै भन्नु नि, होच्चाउन र खसाल्न! 'कोही मान्छे त अरूलाई खसाल्नैका लागि जन्मन्छन् कि क्या हो! यस्ता मान्छे त सानो ओहोदादेखि ठूलो तहसम्म हुन्छन् रे' हजुरआमाले यस्तै भन्नु भएको थियो। आफू ठूलो हुने कसैको त आदतै हुन्छ रे। अरूलाई होच्याएर आफू चुलिएको महसुस गर्छन् रे। सगरमाथा पुगेको अनुभव साँच्छन् रे। यिनलाई पनि त्यस्तै भयो कि! मैले कर्के आँखा तिनीतिर हुत्याएँ र सरासर अघि बढें।
म कलेज नगई होस्टेल फर्किएँ। कोठामा गएर खुब रोएँ। चर्को चर्को। सबै कलेजमा थिए, म बन्द कोठामा। मेरो कोठा पनि मसँगै रोयो। म रोएको कोठाले मात्र देख्यो। कोठाका सामानले देखे। मान्छेले कहाँ देख्छ र मान्छे रोएको! मान्छे रोएको देख्ने यिनै चिजहरू त हुन्। तीनै नै थिए मेरो वरपर। जो म रोएको हेरिरहेका थिए। आफ्ना त पराया भए! जो मेरो मर्जीको खिलापमा मलाई बलिरहेको आँगोमा मिल्काए। परायाहरू के आफ्ना हुन्थे! ठाउँको ठाउँ बोलाउँथे। थर्काउँथे। महिमा यसो गर! उसो गर! मानौं म तिनीहरूको अर्ती उपदेश लिनकै लागि जन्मेकी हुँ। म पनि के कम! घरमा फोन गर्थें र घुर्काउँथें।
'डाक्टर बने इज्जत बढ्छ' हजुरबा भन्नुहुन्थ्यो।
'बन्दिनँ म डाक्टर साक्टर!,' म झर्किन्थें।
'त्यसो नभन महिमा,' हजुरबाको स्वर सानो हुन्थ्यो। हजुरआमा भन्नुहुन्थ्यो, 'डाक्टर पढे कत्रो इज्जत हुन्छ, पढा'
'केको इज्जत? मेरो यहाँ कत्रो बेइज्जत भइसक्यो,' म कराउँथें।
मलाई सम्झाएर आफ्ना रहरहरूको खलासी बनाउन तत्पर थिएँ सबै। कहिले उनीहरू क्यान्टिन बाहिर, कहिले म क्यान्टिनभित्र। कहिले उनीहरू कलेज बाहिर। कहिले म कलेजभित्र। कहिले उनीहरू होस्टेल बाहिर। कहिले म होस्टेलभित्र। ' बाहिर आऊ महिमा एकैछिन्,' हजुरबा भन्नुहुन्थ्यो। 'भित्रीबाहिरी खेल हो र! आउन्नँ,' म झर्किन्थे। ' आऊ न पाँच मिनेटको लागि,' हजुरबाजस्ता ठूला मान्छे। मजस्ती सानी नातिनीसँग कति झुकेका! यो देखेर म हजुरबाको नजिकै जान्थें।
'राम्रो पढ् ल महिमा,'
'कति पढ् भन्न सक्नुहुन्छ हजुरबा ! अरु जे कुरा भने नि त्यो पढ् भन्ने शब्द मबाट चार हात पर राख्नु क्या ।'
'पढाइमा संसार छ बुझ्यौ।'
'अझ बुझाउन केही बाँकी छ?,' म भन्थें।
'इज्जतजस्तो ठूलो केही छैन महिमा,' हजुरबा भन्नुहुन्थ्यो।
'बेइज्जतजस्तो मुटु चिर्ने केही छैन हजुरबा,' म झर्किन्थें। मेरो झर्काइले हजुरबाको अनुहार सानो हुन्थ्यो। तेल तताउने सानो दिउरीजस्तो कालो। मलाई यस्तो लाग्थ्यो। मेरा स-साना कुराले हजुरबाको मन साह्रै दुख्छ। तर पनि मलाई पढ् भन्न छोड्नुहुन्न। मलाई पढ् भन्न छोडे कुरै खत्तम हुन्थ्यो। मलाई पिँध्न छोड्नुहुन्न। उहाँहरू जाँतो। म मकै हुँ। पिँधिरहेकी छु। टुक्राटुक्रा भएर पिठोमा परिणत भइसकें। धूलोपिठो। अब मभित्र केही बाँकी छैन। पिँधिनु हो पिँधिन्छु। मेरो के जान्छ, गए यही ज्यान जान्छ! 'म पढ्दिनँ। पागल हुन लागिसकें,' म भन्थें।
'तिमी सक्थेऊ,' उनीहरू भन्थे।
अर्को दिन वार्डेन म्यामले बोलाएर भन्नुभयो, 'महिमा, तिमी घर जाऊ। तिमी निरासिएको मैले धेरै पटक देखेकी छु। तिम्रो निरासपन मैले धेरै पटक पढेकी छु। तिम्रो अनुहारमा कतै खुसीको रेखा छैन। म यहाँ बसेको चौध/पन्ध्र वर्ष भयो। मैले तिमीजस्ता कयौं विद्यार्थीको अनुहार पढेकी छु। तिम्रो लागि यो फिल्ड होइन। तिमी अर्कै कामको लागि उपयुक्त हुन सक्छेऊ। खेलकुदमा रुचि छ भनेकी थियौ। त्यही फिल्म तिमीले राम्रो गर्न सक्छेऊ। मान्छे जेको लागि जन्मेको हो उसैको लागि उपयुक्त हुन सक्छ। रुची नभएका विषयहरूमा घोटिनु, रेटिनु भनेको जिउँदो मान्छेले खुकुरीको धारमा हिँड्नु हो। खुकुरीको धारमा टेक्दा कति कठिन हुन्छ। तिमीले बुझ्न सक्छेऊ! मलाई थाहा छ। तिमीले यस्तै धारिलो हतियारमा टेकेकी छौ।' म कोठामा पल्टेर सोच्न थालें। म्यामले मभित्रको उकुसमुकुस दर्दनाक पीडा पढ्नु भएको रहेछ। मेरा आफ्नैहरूले पढ्न नसकेको मन होस्टेल म्यामले पढेर मलाई के फाइदा भयो र! म्यामले मलाई भने जति जम्मै कुरा हजुरबालाई भन्नुभएको रहेछ। तर उहाँहरूले आफ्नो मात्र दुनो सोझ्याउनेतिर लाग्नुभयो। उहाँहरूलाई आफ्नो मात्र ढिपी ठूलो। म त मकै न थिएँ। उहाँहरू मेसिन, जाँतो। जे-जे बनेर भए पनि मलाई पिँधेरै छाड्नुभयो! मेसिन र मकैको खेल लामो समयसम्म चल्न पाएन। एकदिन अन्त्य हुनु नै थियो, भएरै छाड्यो। म पढाइकै बीच कक्षा कोठामै ढलें, डडरंग ! काँप्ने, चिच्याउने, कराउने, हाँस्ने, रुने। यी सारा प्रतिक्रिया मभित्रै उत्पन्न भएछन् ! मलाई तुरुन्त अस्पताल लगियो। त्यसपछि मलाई अर्को मानसिक अस्पताल पुऱ्याइयो। करिब नौ वर्षपछि तीमध्ये कोही नेपालका राम्रा डाक्टर बने। उनीहरू एमडी सकेर आआफ्ना काममा व्यस्त भए। मेरी रुममेट नामी डाक्टर भइसकेकी थिई। जतातते उसकै चर्चा थियो। त्यतिबेलै मेरो 'आँसुको तलाब' किताबले मदन पुरस्कार प्राप्त गऱ्यो।

# चन्द्रगढी समाजको सांगीतिक कार्यक्रम

भद्रपुर(प्रस) । बडादशैंको अवसर पारेर भद्रपुर १० चन्द्रगढीस्थित चन्द्रगढी सेवा समाजले विविध साँस्कृतिक कार्यक्रम सम्पन्न गरेको छ ।

समाजका अध्यक्ष कमलप्रसाद अधिकारीको अध्यक्षता तथा प्रदेश १ का भूमि व्यवस्था, सहकारी तथा गरिवी निवारण मन्त्री ओमप्रकाश सरावगीको प्रमुख आतिथ्यमा गीतनृत्य कार्यक्रम सम्पन्न गरिएको हो ।चर्चित गायक तथा संगीतकार अर्जुन खरेलले आफ्ना विविध गीत तथा स्थानीय कलाकारहरूका विभिन्न साँस्कृतिक नृत्यहरूको प्रस्तुती रहेको कार्यक्रममा भद्रपुर नगर उपप्रमुख राधा कार्की, विभूति विद्या मन्दिरका संस्थापक प्रिन्सिपल गोविन्द लम्साललगायतले शुभकामना मन्तव्य राखेका थिए भने सञ्चालन देवीमाया अधिकारी तथा दीपबहादुर राउतले गरेका थिए ।

# बिर्ताबजारबाट ब्राउनसुगरसहित एक पक्राउ

झापा(प्रस)। प्रतिबन्धित लागूऔषधब्राउनसुगरसहित एकजनालाई बिर्ताबजारबाट प्रहरीले पक्राउ गरेको छ ।

पक्राउ पर्नेमा बिर्तामोड वडा नं.१ घर भई वडा नं ३ पशुपति टोलमा डेरा गरी बस्ने २१ वर्षिय राहुल राजवंशी रहेका छन् ।

शनिवार दिउँसो ३ बजे प्रहरी चौकी बिर्ताबजारबाट प्रहरी सहायक निरीक्षक प्रवीण खड् काको नेतृत्वमा खटिएको प्रहरी टोलीले राजवंशीलाई शंका लागेर उनको कोठामा चेकजाँच गर्दा १० ग्राम ब्राउनसुगर फेला परेको थियो । लागूऔषधसहित नियन्त्रणमा लिई उनलाई इलाका प्रहरी कार्यालय अनारमनी झापामा राखी थप अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालयले जनाएको छ ।

# प्रपर्टी डिलर एशोसिएसनको साधारणसभा

झापा(प्रस)। प्रपर्टी डिलर एशोसिएसन अफ नेपालको छैठौं बार्षिक साधारण सभा सम्पन्न भएको छ ।

अग्रज व्यवसायी पवनकुमार अग्रवालको प्रमुख आतिथ्यमा संस्थाको वार्षिक उत्सब तथा विजया दशमी २०७९ को शुभकामना आदान प्रदान समेत गरिएको थियो । समारोहमा संस्थाका संस्थापक सदस्य बालदेन शेर्पा, देवीचन राई, वरिष्ठ उपाध्यक्ष अर्जुनकुमार उप्रेती ,नारायण गुरुङ, विनोद श्रेष्ठ, मनबहादुर मगरलाई सम्मान गरिएको थियो ।

संस्थाका अध्यक्ष राजकुमार राईको अध्यक्षतामा भएको कार्यक्रममा व्यवसायी गंगाप्रसाद मैनाली, संस्थाका कोषाध्यक्ष टहलदास ओली, व्यवसायी विष्णुप्रसाद संग्रौला, पूर्व जनप्रतिनिधि प्रेम खरेललगायतले शुभकामना मन्तव्य राखेका थिए ।

संस्थाका उपाध्यक्ष रोशन बोहोराले स्वागत गरेको कार्यक्रममा सम्पूर्ण व्यवसायीलगायत देश तथा विदेशमा रहने आम नेपालीहरुलाई विजया दशमीको शुभकामनासहित संस्थाका अध्यक्ष राईले धन्यवाद ज्ञापन गरेका थिए । कार्यक्रमको संचालन संस्थाका महासचिव डेसर किरण राईले गरेका थिए ।

यसैबीच संस्थाका केन्द्रीय सदस्य सीता कुँवरका श्रीमान दिपेन्द्र उप्रेती मिर्गौला पीडित भएर उपचाररत रहेकाले उनको स्वास्थ्य लाभको कामनासहित नगद ६२ हजार २ सय १० रुपैयाँ सहयोग गरिएको थियो । संस्थाका पदाधिकारीहरुले नै उप्रेतीको उपचारका लागि सहयोग गरेको अध्यक्ष राईले बताए । राईका अनुसार प्रकाश उप्रेतीबाट दश हजार, राजकुमार राईबाट पाँच हजार पाँच सय, डिल्लीरमण शिवाकोटीबाट पाँच हजार पाँच सय, राजु समालबाट पाँच हजार पाँच सय, टहलदास ओलीबाट पाँच हजार एक सय, अर्जुनकुमार उप्रेतीबाट पाँच हजार, रोशन वोहोराबाट पाँच हजार, सूर्यकुमार निरौलाबाट पाँच हजार, डेसर किरण राईबाट तीन हजार एक सय, हरिप्रसाद उप्रेतीबाट तीन हजार दश , रमेश कट्टेलबाट तीन हजार, प्रेमबहादुरबाट थापा दुई हजार पाँच सय, गोमा खतिवडाबाट दुई हजार र इन्दिरा भट्टराईबाट दुई हजार रुपैयाँ प्रदान गरिएको थियो ।

बडा दशैं को शुभकामना
हिन्दु नेपालीहरुको महान चाड बडादशैं, तिहार, नेपाल सम्वत तथा छठ पर्व २०७९ को सुखद अवसरमा सम्पूर्ण शेयर सदस्य तथा स्वदेश एवम् विदेशम रहनु हुने सम्पूर्ण नेपालीहरुमा सुख, शान्ति, सुस्वास्थ्य, दिर्घायु र समृद्धिको लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौ ।
यामकुमार चुडाल, अध्यक्ष
मेघराज बास्तोला, सचिव
संजिवनी बचत तथा ऋण सहकारी संस्था लि. परिवार
बिर्तामोड , झापा

बडा दशैं को शुभकामना
हिन्दु नेपालीहरुको महान चाड बडादशैं, तिहार, नेपाल सम्वत तथा छठ पर्व २०७९ को सुखद अवसरमा सम्पूर्ण ग्राहकवर्ग, शुभचिन्तक तथा स्वदेश एवम् विदेशमा रहनु हुने सम्पूर्ण नेपालीहरुमा सुख, शान्ति, सुस्वास्थ्य, दिर्घायु र समृद्धिको लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौ ।
पुजा इलेक्ट्रोनिक्स परिवार
बिर्तामोड , झापा

बडा दशैं को शुभकामना
हिन्दु नेपालीहरुको महान चाड बडादशैं, तिहार, नेपाल सम्वत तथा छठ पर्व २०७९ को सुखद अवसरमा स्वदेश एवम् विदेशमा रहनु हुने सम्पूर्ण नेपालीहरुमा सुख, शान्ति, सुस्वास्थ्य, दिर्घायु र समृद्धिको लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौ ।
डा. पिताम्बर ठाकुर तथा परिवार
बिर्तामोड , झापा

बडा दशैं को शुभकामना
हिन्दु नेपालीहरुको महान चाड बडादशैं, तिहार, नेपाल सम्वत तथा छठ पर्व २०७९ को सुखद अवसरमा सम्पूर्ण ग्राहकवर्ग, शुभचिन्तक तथा स्वदेश एवम् विदेशमा रहनु हुने सम्पूर्ण नेपालीहरुमा सुख, शान्ति, सुस्वास्थ्य, दिर्घायु र समृद्धिको लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौ ।
बिनोद संग्रौला
मेनेजिङ डाइरेक्टर
पाथीभरा सप्लायर्स एण्ड ट्रेडर्स परिवार
बिर्तामोड , झापा

बडा दशैं को शुभकामना
हिन्दु नेपालीहरुको महान चाड बडादशैं, तिहार, नेपाल सम्वत तथा छठ पर्व २०७९ को सुखद अवसरमा सम्पूर्ण ग्राहकवर्ग, शुभचिन्तक तथा स्वदेश एवम् विदेशमा रहनु हुने सम्पूर्ण नेपालीहरुमा सुख, शान्ति, सुस्वास्थ्य, दिर्घायु र समृद्धिको लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौ ।
निर्मल भट्टराई
प्रोप्राईटर
निर्मल स्टोर परिवार
बिर्तामोड , झापा

बडा दशैं को शुभकामना
हिन्दु नेपालीहरुको महान चाड बडादशैं, तिहार, नेपाल सम्वत तथा छठ पर्व २०७९ को सुखद अवसरमा सम्पूर्ण विद्यार्थी, अभिभावक, शिक्षकशिक्षिका तथा स्वदेश एवम् विदेशमा रहनु हुने सम्पूर्ण नेपालीहरुमा सुख, शान्ति, सुस्वास्थ्य, दिर्घायु र समृद्धिको लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौ ।
हरि प्रसाई / धर्मा प्रसाइ, संस्थापक
देवेन्द्र हुमागाईं, प्रिन्सिपल
न्यूटन्स् एजुकेशन फाउन्डेसन परिवार
बिर्तामोड , झापा

बडा दशैं को शुभकामना
हिन्दु नेपालीहरुको महान चाड बडादशैं, तिहार, नेपाल सम्वत तथा छठ पर्व २०७९ को सुखद अवसरमा सम्पूर्ण ग्राहकवर्ग, शुभचिन्तक तथा स्वदेश एवम् विदेशमा रहनु हुने सम्पूर्ण नेपालीहरुमा सुख, शान्ति, सुस्वास्थ्य, दिर्घायु र समृद्धिको लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौ ।
गौरबरत्न शाक्य/चाँदनी शाक्य
संचालक
महाँलक्ष्मी इन्टरनेशनल (एमजी) परिवार
लक्ष्मीपुर , झापा

बडा दशैं को शुभकामना
हिन्दु नेपालीहरुको महान चाड बडादशैं, तिहार, नेपाल सम्वत तथा छठ पर्व २०७९ को सुखद अवसरमा सम्पूर्ण ग्राहकवर्ग, शुभचिन्तक तथा स्वदेश एवम् विदेशमा रहनु हुने सम्पूर्ण नेपालीहरुमा सुख, शान्ति, सुस्वास्थ्य, दिर्घायु र समृद्धिको लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौ ।
किरण पौडेल
प्रोप्राईटर
केटीएम जिन्स परिवार
बिर्तामोड , झापा

बडा दशैं को शुभकामना
हिन्दु नेपालीहरुको महान चाड बडादशैं, तिहार, नेपाल सम्वत तथा छठ पर्व २०७९ को सुखद अवसरमा सम्पूर्ण विद्यार्थी, अभिभावक, शिक्षकशिक्षिका तथा स्वदेश एवम् विदेशमा रहनु हुने सम्पूर्ण नेपालीहरुमा सुख, शान्ति, सुस्वास्थ्य, दिर्घायु र समृद्धिको लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौ ।
शान्ता गिरी, प्रिन्सिपल
खड्गराज गिरी, संचालक
हिमाली एजुकेशन फाउन्डेसन
अर्जुनधारा , झापा

बडा दशैं को शुभकामना
हिन्दु नेपालीहरुको महान चाड बडादशैं, तिहार, नेपाल सम्वत तथा छठ पर्व २०७९ को सुखद अवसरमा सम्पूर्ण उपभोक्ता तथा स्वदेश एवम् विदेशम रहनु हुने सम्पूर्ण नेपालीहरुमा सुख, शान्ति, सुस्वास्थ्य, दिर्घायु र समृद्धिको लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौ ।
पुरुषोत्तम अधिकारी, अध्यक्ष
बाबुराम कार्की, सचिव
चन्द्रगढी खानेपानी उपभोक्ता तथा सरसफाई समिति परिवार
चन्द्रगढी , झापा

बडा दशैं को शुभकामना
हिन्दु नेपालीहरुको महान चाड बडादशैं, तिहार, नेपाल सम्वत तथा छठ पर्व २०७९ को सुखद अवसरमा सम्पूर्ण ग्राहकवर्ग, शुभचिन्तक तथा स्वदेश एवम् विदेशमा रहनु हुने सम्पूर्ण नेपालीहरुमा सुख, शान्ति, सुस्वास्थ्य, दिर्घायु र समृद्धिको लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौ ।
प्रकाश शिवाकोटी, मेनेजिङ डाइरेक्टर
संजिव ओली, कर्पोरेटिभ
आलस्का अटोमोबाईल्स परिवार
बिर्तामोड , झापा

बडा दशैं को शुभकामना
हिन्दु नेपालीहरुको महान चाड बडादशैं, तिहार, नेपाल सम्वत तथा छठ पर्व २०७९ को सुखद अवसरमा सम्पूर्ण विद्यार्थी, अभिभावक, शिक्षकशिक्षिका तथा स्वदेश एवम् विदेशमा रहनु हुने सम्पूर्ण नेपालीहरुमा सुख, शान्ति, सुस्वास्थ्य, दिर्घायु र समृद्धिको लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौ ।
मणिराज गणेश, अध्यक्ष
वीरेन्द्रप्रसाद गुप्ता, प्रधानाध्यापक
कलाम श्रेष्ठ, शिक्षक अभिभावक संघ अध्यक्ष
श्री डिल्लीराज माध्यमिक विद्यालय परिवार
झापा ४ , टाँघनडुब्बा

बडा दशैं को शुभकामना
हिन्दु नेपालीहरुको महान चाड बडादशैं, तिहार, नेपाल सम्वत तथा छठ पर्व २०७९ को सुखद अवसरमा सम्पूर्ण ग्राहकवर्ग, शुभचिन्तक तथा स्वदेश एवम् विदेशमा रहनु हुने सम्पूर्ण नेपालीहरुमा सुख, शान्ति, सुस्वास्थ्य, दिर्घायु र समृद्धिको लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौ ।
निरज तिम्सिना
प्रोप्राईटर
फेसन फर्निसिङ सेन्टर परिवार
बिर्तामोड , झापा

मानव डेन्टल
काँकरभिट्टारोड, बोलबम पेट्रोलपम्प पूर्व, बिर्तामोड
फोन: ०२३-५४२६१६, मो: ९८५२६४०४०५
दैनिक सेवाको लागि
❖डा. मेची अञ्चल अस्पतालबाट
❖डा. भैरहवाबाट
❖डा. काठमान्डौबाट
स्वास्थ्य मुस्कान, स्वास्थ्य जीवन, यही हो मानव डेन्टलको पहिचान

# वर्गीकृत विज्ञापन संकलन केन्द्रहरू :

| चन्द्रगढी, भद्रपुर | दमक | मेचीनगर | उर्लाबारी | इलाम, मंगलबारे | काकँरभिट्टा | झापा बजार |
|---|---|---|---|---|---|---|
| लोकबहादुर कुँवर : ९८४२६८३९९६<br>द्रोण अधिकारी : ९८४२६२८७९१ | विष्णु सुब्बा : ९८५२६७०१३७<br>देविबहादुर बस्नेत : ९८१७९२४६२१ | चारआली : ९८४२७०३०१३<br>गोबिन्द घिमिरे :<br>९८१५९५०१५० | रुपेन्द्र शेर्मा : ९८४२०९२४०६<br>विराटनगर<br>क्रिएटिभ आई: ०२१-५२५६१८ | रणवीर लिम्बू<br>९८१६९८४७५७ | फ्रेन्डसिप पुस्तक पसल<br>०२३-५६२४२४ | बरत राजवंशी<br>९८१७०४९००१ |

## आजको राशिफल

**मेष** निर्णय कार्यान्वयन हुन सक्दैनन् । आफ्नो विचार विपरित निर्णय हुनेछ ।

**वृष** लगनशीलताले कामहरू अगाडि बढ्नेछन् । नयाँ क्षेत्रमा लगानीको अवसर मिल्नेछ।

**मिथुन** धर्मकर्म तथा समाजसेवामा मन लाग्नेछ । गरेको कार्यबाट लाभ र सफलता पाइनेछ

**कर्कट** आज आफ्नो अधिकार प्राप्तिका लागि गरिएको प्रतिस्पर्धामा विजयी भइनेछ ।

**सिंह** दाम्पत्य जीवनमा एक किसिमको निरासता पनि आउन सक्छ । तर साँझमा मन

**कन्या** इच्छा र आकांक्षा पूर्ण हुन सक्छ । महिला वा मित्रबाट विशेष सहयोग मिल्नेछ ।

**तुला** आज बन्धु बान्धवबाट सहयोग मिल्नेछ । कार्य क्षेत्रमा प्रगति हुनेछ ।

**वृश्चिक** आँटेको र ताकेको कार्य पुरा होला । पारिवारिक सद्भाव बढ्नेछ ।

**धनु** आजको दिन माध्यम खालको नै रहनेछ । अनावश्यक ठाउँमा धन खर्च हुन सक्छ ।

**मकर** सोचेको आँटेको काममा फाइदा मिल्नेछ । मनोरञ्जनमा सहभागिता भइएला ।

**कुम्भ** आज स्वास्थ्यमा सुधार आउनेछ । अचल सम्पत्ति हात पर्ने योग छ ।

**मिन** समाजसेवा गरे लोकमा प्रसिद्ध भइनेछ । स्वास्थ्यमा सुधार आउला ।